# विपद पूर्वतयारी तथा प्रतीकार्य योजना

# सानीभेरी गाउँपालिका, २०७९

**Disaster Preparedness and Response Plan**

**Sanibheri Rural Municipality, West Rukum**

सानीभेरी गाउँपालिका, रुकुम (पश्चिम)

# आधारभूत मानवीय मापदण्डका गुणस्तर र उत्तरदायित्वहरु



## शब्द संक्षेप

| | |
|---|---|
| ज.वि.व्य.स | जिल्ला बिपद् व्यवस्थापन समिति |
| DDMC | District Disaster Management Committee |
| स्.वि.व्य.स | स्थानीय बिपद् व्यवस्थापन समिति |
| LDMC | Local Disaster Management Committee |
| व.वि.व्य.स | वडा स्तरिय बिपद् व्यवस्थापन समिति |
| WDMC | Ward Disaster Management Committee |
| जिसस | जिल्ला समन्वय समिति |
| गापा | गाउँपालिका |
| जिसअ | जिल्ला समन्वय अधिकारी |
| साबिक गाविस | साविक गाउँ विकास समिति |
| जि.पु.का. | जिल्ला पूर्वाधार विकास कार्यालय |
| जि.शि.स.अ. | जिल्ला शिक्षा समन्वय अधिकारी |
| जि.शि.स.इ. | जिल्ला शिक्षा समन्वय इकाइ |
| स्वा.का. | स्वास्थ्य कार्यालय |
| जिपसेका | जिल्ला पशु सेवा कार्यालय |
| नेरेसो | नेपाल रेडक्रस सोसाइटी |
| ने. से. | नेपाली सेना |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| प्रउ | प्रहरी उपरीक्षक |
| सप्रउ | सशस्त्र प्रहरी उपरीक्षक |
| सप्रनाउ | सशस्त्र प्रहरी नायब उपरीक्षक |
| प्रनाउ | प्रहरी नायब उपरीक्षक |
| प्रनि | प्रहरी निरीक्षक |

| | |
|---|---|
| मबासशा | महिला बालबालिका तथा सामाजिक विकास शाखा |
| सप्रब | शसस्त्र प्रहरी बल |
| स.डि.व.का. | सव डिभिजन वन कार्यालय |
| जि.भु.सं का. | जिल्ला भु संरक्षण कार्यालय |
| ज.उ.प्र.नि.वि. | जल उत्पन्न प्रकोप नियन्त्रण बिभाग |
| रा/अगैसस | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| SSBH | Strengthening Systems for Better Health in Nepal |
| RCDC | Rukumeli Social Development Centre |
| MSNP | Multi Sector Nutrition Programme |
| NCCSP | Nepal Climate Change Support Program |
| UNICEF | United Nations International Children's Emergency Fund |
| ASHA | Adaptation for Small Holders in Hilly Areas |
| ASDP | Agriculture Sector Development Programme |
| NRCS | Nepal Red Cross Society |
| SusWA | Sustainable Wash for All |

# बिषय सुची

परिच्छेद १ : पृष्ठभूमी ८
१.१ गाउँपालिकाको परिचय ९
१.१.१ भौगोलीक अवस्था १०
१.१.२ सामाजीक अवस्था १०
१.१.३ मानवीय अवस्था ११
१.१.४ आर्थीक क्रियाकलापको अवस्था ११
१.१.५ प्राकृतीक श्रोतको अवस्था ११
१.१.६ भौतिक पुर्वाधारको अवस्था ११
१.२ योजनाको पृष्ठभूमि (विपदको स्थिति, योजनाको आवश्यकता, औचित्य) १२
परिच्छेद २ : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य १३
२.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा १३
२.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा प्रक्रिया १४
२.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको सिमितता १४
२.४ योजना तर्जुमाको पुर्वानुमान /परिस्थिति तथा योजना तर्जुमा सम्बन्धी पूर्वानुमान १५
परिच्छेद ३ : विपद् जोखिमको अवस्था १६
३.१ विगतका विपद्हरुको विश्लेषण १६
३.२ प्रमुख प्रकोपहरु र प्राथमीकतामा रहेका प्रकोपहरु २०
३.३ प्रकोप पात्रो २१
३.४ सम्भाव्य प्रकोपको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शाङ्कन २२
३.५ कानुनी नीतीगत तथा संस्थागत व्यवस्था २७
३.६ सरोकालवाला संस्थाहरु २८
३.७ गाउँपालिकाको स्रोतको उपलब्धता तथा पहुँच ३१
परिच्छेद ४ : विपद्को प्रकृतिमा आधारित विषयगत प्रतिकार्य योजना ३५
४.१ विषयगत क्षेत्रको अवधारणा ३५
४.२ विषगत क्षेत्रको परिचय ३५
४.३ उद्देश्य ३५
४.४ गाउँपालिका स्तरमा सक्रिय रहने विषयगत क्षेत्र ३५

४.५ क्षेत्रगत नेतृत्व गर्ने निकायहरु ३६
४.६ विषयगत क्षेत्रमा आधारीत पूर्वतयारी तथा प्रतीकार्य योजना ३६
४.६.१ विषयगत क्षेत्रः खोज तथा उद्धार ३६
४.६.२ विषयगत क्षेत्र : खाद्य तथा कृषि ४१
४.६.३ विषयगत क्षेत्र : अस्थायी आवास तथा गैर खाद्य ४४
४.६.३.६ क्षेत्रगत सदस्यहरुको सूची, क्षमता तथा श्रोत मापन ४५
४.६.४ विषयगत क्षेत्र : स्वास्थ्य तथा पोषण ४७
४.६.४.६ क्षेत्रगत सदस्यहरुको सूची, क्षमता तथा श्रोत मापन ४९
४.६.४.८ विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना ५०
४.६.५ विषयगत क्षेत्र : शिक्षा ५२
४.६.६ विषयगत क्षेत्र : संरक्षण ५५
४.६.७ विषयगत क्षेत्र : खानेपानी तथा सरसफाई ५९
४.६.८ विषयगत क्षेत्र : राहत तथा पूर्ननिर्माण ६२
४.६.८.८ विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना ६४
४.६.९ विषयगत क्षेत्र : सुचना संकलन, विश्लेषण तथा समन्वय ६५
परिच्छे ५ : आवश्यकताको लेखाजोखा ६८
५.१. विषयगत स्रोत साधनको आँकलन ६८
५.१.१ स्थानीय आपतकालिन कार्य संचालन केन्द्र (LEOC) ६८
५.१.२ जनशक्ति ६८
५.२ वन्दोवस्तीका सामानको आँकलन ६८
५.३ अन्य आवश्यकताहरू ६८
५.४ अनुमानित लागत ६८
५.५ आर्थिक श्रोत र उपलब्ध हुने विधि र संयन्त्र ६८
५.६. अन्य निकायहरूसँगको समन्वय र सहकार्य ६९
५.७ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ६९
परिच्छेद ६ :. अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना ७०
६.१. लक्ष्य र सूचकहरू ७०
६.२ अनुगमन, मूल्याङ्कन तथा सिकाई संयन्त्र ७१
६.३. अनुगमन तथा मूल्याङ्कन कार्ययोजना ७१
६.४. क्षमता विकास ७२
६.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन र पृष्ठपोषण ७२

७. अनुसूचीहरु ७३
८. सन्दर्भ सामग्रीहरू ७७

# परिच्छेद १ : पृष्ठभूमी

नेपाल निरन्तर दोहोरिरहने बहु-प्रकोपका घटनाहरु बाट उत्पन्न विपद्को अत्याधिक जोखिममा रहेको मुलुकहरु मध्ये एक हो । विश्वका १ सय ९८ मुलुक मध्ये नेपाल भूकम्पका हिसाबले ११ औं, बाढिको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसाबले विश्वमा चौथो तथा एशियामा छैठौं जोखिमपूर्ण देशको रूपमा रहेको छ । यहाँ प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ्ग, आगलागी, सडक दुर्घटना तथा महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुका कारण जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ । नेपालमा विशेष गरी नियमित रूपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिमपहिरो, महामारी जस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजारभन्दा बढि परिवारहरू प्रभावित हुने गरेका छन् । नेपालमा प्रति वर्ष विभिन्न विपद्हरूबाट सरदर औषतमा एक हजारको हाराहारीमा मानिसहरूको मृत्यु हुने गर्दछ । जसमध्ये वार्षिक ३ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ । यसैगरी सबैभन्दा बढी आगलागीका कारण पशु चौपाया, पंक्षी, जग्गाजमिन, वन क्षेत्र र बालीनाली, धनसम्पत्तिको नोक्सानी हुने गरेको छ । विपद्को कारण नेपालले हरेक वर्ष औसतमा १ अर्ब २१ करोडको बराबरको सम्पत्तिको क्षति व्यहोर्नु परेको छ। त्यसमा झन चिनको Wuhan शहरमा सन २०१९ साल डिसेम्वर महिनामा पहिचान गरिएको र तेस्रो लहर पनी पार गरेको यसले विश्व्यापी महामारीको रुप लिएको छ। यसको संक्रमणवाट समेत नेपाल आक्रान्त भएको छ। कोभिड-१९ को महामारीका कारण मानव जातीमाथि शताब्दीकै सवैभन्दा ठूलो संकट पैदा भएको छ । यस महामारीबट लाखौ मानिसको ज्यान गईसकेको छ भने लाखौ संक्रमितहरु प्रताडित छन् र बेलाबेला यसको त्रास भइरहेको छ ।

कमजोर भु-बनोट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, हुरी बतास, शीतलहर, तातो हावाको लहर, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरुबाट प्रभावित छ। गैरप्राकृतिक प्रकोपहरु जस्तै महामारी, अनिकाल, सडक दुर्घटना, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु (कोभिड १९) जस्ता विश्व व्यापी रुपमा हुन सक्ने महामारी, सर्पदंश, जनावर आतंक, आगलागी, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायत बाट पनि प्रभावित छ। अव्यवस्थित तिव्र शहरीकरण, जनसंख्या वृद्धि, गरिबी, विकासका कार्यहरुमा वातावरणिय पक्षलाई ध्यान नदिने कार्याहरुले गर्दा विपद बाट हुने क्षतिमा वृद्धि भएको छ भने विपद् सङ्कटासन्नतामा अझ वृद्धि भइरहेको छ ।

सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरेको छ । यस सन्दर्भमा विपद् जोखिम व्यवस्थापनका लागि दैवी प्रकोप (उद्धार) ऐन, २०३९; स्थानीय स्वायत्त शासन ऐन, २०५५; भवन ऐन, २०५५; राष्ट्रिय भवन संहिता, २०६०; विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६; जलवायु परिवर्तन नीति, २०७६; भू-उपयोग नीति २०६९; जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२; राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२; राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७०; बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२; राष्ट्रिय शहरी विकास रणनीति, २०७३ आदि महत्वपूर्ण कानूनी तथा नीतिगत आधार हुन् । त्यस्तै नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५), विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, विपद जोखिम न्युनिकरण राष्ट्रिय निति, २०७५; विपद जोखिम न्युनिकरण राष्ट्रिय रणनिनितिक कार्ययोजना २०७५ पछिल्ला महत्वपूर्ण कानूनी व्यवस्था हुन् । साथै केन्द्र देखि स्थानीय स्तर सम्म कानून बमोजिम स्थापित विपद व्यवस्थापन समितिहरु, नेपाल सरकारका विभिन्न निकाय एवं प्रतिष्ठानहरुलाई महत्वपूर्ण संस्थागत व्यवस्थाको रुपमा लिन सकिन्छ भने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले व्यवस्था गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, कार्यकारी समिति, प्राधिकरण, प्रदेश, जिल्ला तथा स्थानीय तहका समितिहरु नयाँ संस्थागत व्यवस्थाका रुपमा रहेका छन् । विपद् जोखिम न्यूनीकरणका लागि मूलतः सेण्डाइ कार्यढाँचा (सन् २०१५- २०३०), दिगो विकासका लक्ष्यहरु, जलवायु परिर्वतन सम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय आवश्यकता अनुरुप विपद् जोखिम न्यूनीकरणका लागि मूल नीति तर्जुमा गर्नु आवश्यक भएको छ। नेपालले विपद जोखिम व्यवस्थापनका पहल कदमिहरुको कार्यान्वयनबाट प्राप्त सिकाई र अनुभवहरु,

२०७२ सालको गोरखा भूकम्प तथा पछिल्ला अन्य विपद्का घटनाहरुको सिकाई र अनुभवहरु समेतलाई आधार बनाई विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा अन्य नयाँ सम्भावित जोखिमको प्रभावकारी रोकथाम र विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्न अपरिहार्य रहेको छ ।
विपद्को सवाल राहत र उद्धारसँग मात्र सीमित छैन । आधारभूत मानव अधिकार, मानवीय कानून, विकास निर्माण, गास, बास, कपास, शान्ति सुरक्षा एवं सामाजिक, आर्थिक, सांस्कृतिक लगायतका हरेक विषयहरूसँग यसको प्रत्यक्ष सम्बन्ध छ । यस्तै संवेदनशील सवालहरूलाई हृदयगमन गरी विपद् व्यवस्थापनका गतिविधिहरूलाई विकासका हरेक पक्षसँग समाहित गर्दै दिगो विकासको अवधारणा भित्र एकीकृत गरिनु पर्ने आजको आवश्यकता रहेको छ । यसका लागि आवश्यक पर्ने अल्पकालीन एवं दीर्घकालीन योजनाका साथ विपद् व्यवस्थापनका गतिविधिहरूलाई विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू र सरोकारवाला निकायहरू बीचको साझेदारी, समन्वय र सहकार्यमा प्रतिबद्धता र ऐक्यबद्धताका साथ योजना तर्जुमा देखि कार्यान्वयन सम्म कार्य गर्नुपर्ने आजको सान्दर्भिकता हो ।
माथि उल्लेखित आवश्यकताहरुलाई मध्य नजर गर्दै खतरा तथा सङ्कटासन्नता, विपद् प्रभावित वडाहरू, गाउँपालिका स्थित सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको क्षमता र सहभागिता सुनिश्चित गर्दै स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्यलाई बलियो बनाउने र विपद् जोखिम व्यवस्थापनलाई वडा र वस्ति तहसम्म प्रभावकारी बनाउने प्रयास स्वरूप गाउँपालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ निर्माण गर्ने प्रमुख लक्ष्य हो ।

## १.१ गाउँपालिकाको परिचय

कर्णाली प्रदेशको एक जिल्ला रुकुम (पश्चिम) का ६ वटा स्थानीय तह मध्ये सानीभेरी गाउँपालिका एक हो । जिल्लाको साविक ५ वडा गा.वि.स.हरु (सिम्ली, गरायला, अर्मा, पुर्तीमकाडा (वडा १, २, ३, ६, ७, ८) र दुली (वडा १, २, ३, ७, ८, ९) समेटेर वि.स. २०७३ वैशाख २५ गते सानीभेरी गाउँपालिकाको गठन भएको हो । ११ वटा वडामा वीभाजीत सानीभेरी गाउँपालिकाको सदरमुकाम सिम्ली बजारमा रहेको छ । सानीभेरी गाउँपालिका रुकुम (पश्चिम) जिल्लाको सदरमुकामबाट १५ किलोमिटर पश्चिममा पर्दछ । यस गाउँपालिकालाई करिब बिचबाट छिचोल्दै पूर्व देखि पश्चीमसम्म सानीभेरी नदी र रिम्नामा ठूलीभेरी नदी मिसिएर बग्दछ तर अधिकांश भूभागमा सानीभेरी नदी बग्ने हुनाले यस गाउँपालिकाको नामाकरण सानीभेरी गाउँपालिका गरिएको हो ।

**Location Map of Sanibheri Rural Municipality**




चित्र १ : गाउँपालिकाको अवस्थित नक्सा

### १.१.१ भौगोलीक अवस्था

सानीभेरी गाउँपालिकाको पूर्वमा मुसीकोट नगरपालिका र बाँफिकोट गाउँपालिका रहेको छ भने पश्चिममा जाजरकोट जिल्लाको भेरी नगरपालिका रहेको छ । त्यसरी नै सानीभेरी गाउँपालिका उत्तरमा आठबीसकोट नगरपालिका रहेको छ भने दक्षिणमा चौरजहारी नगरपालिका र त्रिवेणी गाउँपालिका रहेको छ । सानीभेरी गाउँपालिका २६ डिग्री ३६ मिनेट २० सेकन्ड उत्तर देखि २८ डिग्री ४३ मिनेट ५९ सेकन्ड उत्तरी अक्षांस सम्म र ८२ डिग्री १३ मिनेट ५० सेकन्ड पूर्व देखि ८२ डिग्री २५ मिनेट १५ सेकन्ड पूर्वी देशान्तर सम्म फैलीएको छ । उचाईको हिसाबमा यो गाउँपालिका समुन्द्र सतहबाट ७१९ मिटर (सानीभेरी गाउँपालिका, चौरजहारी नगरपालिका र भेरी नगरपालिका, जाजरकोटको सिमा क्षेत्र कालेगाउँ मुनी भेरी नदी बगर) देखि २८८५ मिटर सम्म (वडा नं ३ र ५ को संगम डाँडा) को उचाइमा अवस्थित छ । यो गाउँपालिका मध्य उचाईमा रहेको हुनाले यहाँ कृषि कार्य तथा विकास गतीविधि सञ्चालन गर्न तुलनात्मक रुपमा सहज हुने देखिन्छ ।

### १.१.२ सामाजीक अवस्था

गाउँपालिकामा २०६८ को जनगणना अनुसार ४,३३७ घरधुरी तथा २४,२२१ जनसंख्या रहेकोमा डिजिटल प्रोफाइल सर्वेक्षण २०७८ अनुसार सानीभेरी गाउँपालिकाको जम्मा घरधुरी ५,२७७ र जनसंख्या २७,२३७ पुगेको छ । हाल वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं ३ मा ४४३५ रहेको छ भने सबै भन्दा कम जनसंख्या वडा नं ६ मा १३९९ रहेको देखिन्छ । हालको औसत घरपरिवारको आकार ५.२ र लैङ्गिक अनुपात १०६.० रहेको छ । समग्रमा लैङ्गिक रुपमा यस गाउँपालिकाको जनसंख्या २०६८ को तुलनामा पुरुष भन्दा महिलाहरुको जनसंख्या बढी थियो भने २०७७ मा महिलाहरुको संख्या घट्दो देखिन्छ । साथै परिवारको आकार घटेको छ ।

यस गाउँपालिकाभित्र धेरै जातजातीहरुको बसोबास भएतापनी ठूलो घरधुरी संख्यामा ब्राम्हण, क्षेत्री (६०.९ प्रतीशत) समुदायको बसोबास छ जस मध्ये ठकुरी, खत्री, वली, डाँगी, विष्ट आदिको बाहुल्यिता छ । त्यसरी नै दोस्रो ठूलो घरधुरी

संख्यामा आदिबासी/ जनजाती (२०.२ प्रतीशत) समुदाय रहेको छ जस अन्तरगत पुन, रोका, बाठा, कुवर आदिको बाहुल्यिता छ । मगर जातसँग कौरा, घाटज जस्ता कला, संस्कृती तथा विभिन्न भेषभुषा रहेको हुनाले साँस्कृतिक पर्यटनसँग जोड्न सक्ने सम्भावना छ। तेस्रोमा दलित घरधुरी १८.९ प्रतीशत रहेको छ। छुवाछुत मुक्त र सद्भाव युक्त गाउँपालिकाको घोषणा भएकोले सामाजीक छुवाछुतको भावना कम भएता पनि आर्थीक विकास तथा सहभागीताको हिसाबले दलित समुदायलाई ध्यान दिनु पर्ने आवश्यकता देखिन्छ।

**१.१.३ मानवीय अवस्था**

यस गाउँपालिका भित्र ३३ वटा आधारभुत, १२ वटा माध्यमिक विद्यालय र ४ वटा बाल विकास केन्द्र सञ्चालनमा रहेको छ। पालिकामा करिब ७५ प्रतीशत जनसंख्या साक्षर रहेका छ। विद्यालयहरुमा कूल १२१ स्वीकृत दरबन्दी भएकोमा ५२२ जना शिक्षक कार्यरत रहेको देखिन्छ। गाउँपालिकामा १ वटा १५ सैया अस्पताल रहेको, ४ वटा स्वास्थ्य चौकी र ७ वटा सामुदायीक स्वास्थ्य केन्द्र (आधारभुत स्वास्थ्य केन्द्र), ३ वटा बर्थीङ्ग सेन्टर, १९ वटा खोप केन्द्र र १४ वटा गाउँघर क्लीनीक सञ्चालनमा रहको छ। गाउँपालिका भित्र स्वास्थ्य संस्थाहरुमा २ जना चिकित्सक र ३८ जना स्वास्थ्यकर्मी कार्यरत रहेको देखिन्छ।

**१.१.४ आर्थीक क्रियाकलापको अवस्था**

साना स्थानीय सडकहरुको निर्माणसँगै स्थानीय ग्रामीण क्षेत्रले मध्ये पहाड राजमार्गसँग सम्बन्ध स्थापना भएको छ। यसले विभिन्न खाले व्यवसाय, कृषि उत्पादन र यसको बजारीकरणको सम्भावना बढाएको छ। प्रमुख पेशाका आधारमा जनसंख्यालाई हेर्दा कृषि तथा पशुपालनलाई प्रमुख पेशाको रुपमा अवलम्बन गर्ने जनसंख्या ३१.४ प्रतीशत र ज्याला मजदुरीमा संलग्न १० प्रतीशत रहेको छ। गाउँपालिकामा जम्म घरधुरी संख्या ५२७८ मध्ये ९७.४२ प्रतीशतले कृषि कार्य गर्ने गरेको देखिन्छ। गाउँपालिका भित्र जम्मा ३४५ साना ठूला व्यापार व्यवसाय र २३ वटा लघु, साना तथा मझौला उद्योग रहेको देखिन्छ। सदरमुकाम सिम्ली बजारमा करिव ८ वटा खाने बस्ने सुविधा भएको होटल सहित पालीका भरीमा कूल २३ वटा होटल, लज र रेष्टुराँ रहेको छ। गाउँपालिका भरीका व्यवसायहरुबाट कुल ३७६ रोजगारी सृजना भएको छ। कूल ५,२७८ घरधुरी मध्ये २९.१ प्रतीशतसँग मात्र खेत छ, ७० प्रतीशत भन्दा बढीसँग बारी मात्र रहेको देखिन्छ। व्यक्तीको स्वामित्वमा कूल ३५,१३७ रोपनी जमिन रहेकोमा ११.६ प्रतीशत जमिन बाँझो अवस्थामा रहेको छ भने ३१,०६७ रोपनी जमिनमा मात्र खेतीपाती गर्ने गरेको देखिन्छ।

**१.१.५ प्राकृतीक श्रोतको अवस्था**

गाउँपालिकाको जम्मा १३३.८ वर्ग कि.मि. मध्ये सबै भन्दा बढी ७२.७ वर्ग कि.मि (५४.३ प्रतीशत) वन क्षेत्र रहेको छ। झाडबुट्यान (२१ वर्ग कि.मि) र चरण क्षेत्र (४.९ व.कि.मि) लाई पनि वन विकास प्रयोजनकै लागी प्रयोग गर्न सक्ने देखिन्छ। उच्च पहाडी क्षेत्रमा रहेको यस गाउँपालिकाको भौगोलीक बनोट विविधतायुक्त छ। यहाँ पाखा, पखेरा, जंगल, नदि, खोल्सा, खोँच र बेशी आदि विविध धरातलीय स्वरुप पाइन्छ। यस गाउँपालिकामा शीतोष्ण हावापानीको प्रधानता छ।

यहाँको वनमा खयर, साल, लालीगुँरास, चिमाल, लेकाली, धुपी सल्ला, चिलाउने तथा चिराइतो, ठूलो ओखर, पाखनवेद जस्ता मूल्यवान प्रजातीका वन सम्पदा पाइन्छ। लाटोकोसेरो, हुचिल, कोइली, तामे, ढुकुर, गिद्ध, न्याउली, बाज, कालिज जस्ता पन्छी र चितुवा, चरी बाघ, फ्याउरो, असला माछा, मलसाप्रो, लंगुर बाँदर जस्ता जनावर पाइन्छ।

दोश्रो ठूलो क्षेत्रफल ३०.८ (२३ प्रतीशत) कृषियोग्य भूमीले ओगटेको छ। तुलनात्मक रुपमा कृषिभूमी कम देखिएकाले यहाँ नयाँ प्रविधि र थोरै क्षेत्रमा धेरै उत्पादन गर्न सक्ने उपायहरु अपनाउन पर्ने आवश्यकता देखिन्छ। यसरी नै नदी, खोलाले १.३ प्रतिशत र बगरले १.८ प्रतीशत भूभाग ओगटेको छ। सानीभेरी नदि, ठूलीभेरी नदि, मौराखरा, देउताखोला, सिम्ली खोला, सिस्ने खोला, फुकुर खोल, अब्यारी खोला, खार खोला, गिठाकोट खोला जस्ता जलश्रोतहरु रहेकाले वास्तवमै प्राकृतिक श्रोत जलसाधनको दृष्टिले सुसज्जित गाउँपालिकाको रुपमा रहेको छ।

**१.१.६ भौतिक पुर्वाधारको अवस्था**

यस गाउँपालिकामा सडक संजालको अवस्था हेदा सानीभेरी गाउँपालिकाको मध्ये भागबाट १८ कि.मि. लम्बाई भएर मध्ये पहाडी राजमार्ग पूर्व पश्चिम भएर गएको छ। पूर्वमा मुसिकोट बजार र त्यो भन्दा अझै पूर्वमा रुकुम पूर्व, बाग्लुङ्ग, पर्वत हुँदै पोखरा, काठमाडौं सम्मको बजार जोडिएका छन्। त्यसरी नै पश्चिमतिर जाजरकोटको खलंगा, दैलेख, सुर्खेत

र नेपालगञ्ज जस्ता बजार केन्द्रहरु सर्म्पकमा आएका छन् । गाउँपालिका भित्र करीव ३०० कि.मि कच्ची तथा ग्राभेल सडकहरुको सञ्जाल छ ।

सिस्ने खोला, सिम्ली खोला, देउता खोला आदि जलविद्युतको श्रोत रहेको छ । निर्माणधीन उत्तरगंगा योजना सम्पन्न भएपछि राष्ट्रिय ग्रीड प्रणालीमा आवद्ध भई थप विद्युत उपलब्ध हुन सक्ने अवस्था रहेको छ। पालिका भित्र ९ वटा लघु जलविद्युत परियोजना सञ्चालन रहेको छ । लगभग ४० प्रतीशत घरधुरीमा विद्युत सुविधा पुगेको छ र ५१ प्रतीशत घरमा सोलार सुविधा (मोबाइल चार्ज र बत्ति बाल्न मिल्ने) रहेको छ । ९८.९२ प्रतीशतले दाउराबाट खाना पकाउने गरेको छ। ९५.४ प्रतिशत घरधुरीमा मोबाइल तथा टेलीफोन सुविधा रहेको देखिन्छ। १०६.५ मेगाहर्जको रेडियो मौराखरा एफ.एम. सञ्चालनमा रहेको छ । टेलिभिजनको पहुँभ कम मात्रामा रहेता पनी ईन्टरनेट सेवा र फोनको प्रयोग बढ्दो छ। सानीभेरी गाउँपालिकामा ९१.७ प्रतिशत घरहरुको जग ढुङ्गा, माटोको रहेको छ। छानोको आधारमा बसोबास गरेको घरसंख्यालाई वर्गीकरण गर्दा सबैभन्दा उच्च संख्यामा टायल वा ढुङ्गाको छाना घरमा बसोबास गर्ने घरधुरीको संख्या ६१ प्रतीशत रहेको छ ।

## १.२ योजनाको पृष्ठभूमि (विपदको स्थिति, योजनाको आवश्यकता, औचित्य)

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि कानूनी तथा नीतिगत व्यवस्थापनका क्षेत्रमा नेपाल सरकारले समयानुकूल परिमार्जन गर्दै विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना राष्ट्रिय, प्रदेश र स्थानीय तहमा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य बनाएको छ । यस्ता कानूनी व्यवस्थाहरुमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७५ लगायतका कानूनी तथा नीतिगत व्यवस्थाहरू छन् । यसैगरी, अन्तर्राष्ट्रिय स्तरमा विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा (सन् २०१५-२०३०), दिगो विकासका लक्ष्यहरू, जलवायु परिर्वतन सम्बन्धी पेरिस सम्झौता, आवधिक योजना, नीति तथा कार्यक्रम लगायतका सन्धि सम्झौतालाई समेत आत्मासात् गर्दै संघ, प्रदेश र स्थानीय तहहरुमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई विपद्बाट हुने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्नु आवश्यक हुन्छ ।

नेपालको संविधान, २०७२ को अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक पूर्वतयारी, विपद्, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरिएको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको साझा अधिकारको सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ । अनुसूची ८ ले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा समेटेकोले यसमा स्थानीय तहको महत्वपूर्ण भूमिका हुनुपर्ने स्पष्ट छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले जोखिम विपद् न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ( यसपछि प्राधिकरण भनिने), प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समिति, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको संस्थागत व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (न) ले गाउँपालिका तथा नगरपालिकाको  काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ । यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन कार्यलाई समेत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ । राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संसोधन, २०७५) ले विपद् पूर्वतयारी र विपद् पछिको खोज, उद्धार र राहत कामलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको बाँडफाँड गर्न र समन्वयलाई प्रभावकारी बनाउन स्पष्ट व्यवस्था गरेको छ। यस अन्तर्गत प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोगको अपिल गर्ने प्रक्रिया र त्यसको जिम्मेवारी, त्यसका लागि ध्यान दिनु पर्ने पक्ष, अन्तर्राष्ट्रिय सहायताको समन्वयका कुराहरूलाई पनि उक्त कार्यढाँचाले व्यवस्थित गरेको छ। उक्त कार्यढाँचाले आपत् समयमा निकायगत समन्वयका लागि विषय क्षेत्रगत समूहको प्रावधान, विपद् सूचना संकलन र प्रभावको संयन्त्र र त्यसको परिचालनको पक्षमा पनि स्पष्ट व्यवस्था गरेको छ ।

# परिच्छेद २ : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको समग्र उद्देश्य विपद् पूर्वतयारी सम्बन्धी क्रियाकलापहरुलाई संगठित, व्यवस्थित बनाई प्रभावकारी प्रतिकार्य मार्फत् सम्भावित क्षति, नोक्सानी न्यूनीकरण गर्नु हो । साथै विपद्को समयमा प्रभावितको खोज तथा उद्धार गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोगद्वारा प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य रहेको छ र विशिष्ट उद्देश्यहरु निम्न बमोजीम रहेका छन् ।

- प्रकोपका कुनैपनि घट्नाबाट हुन सक्ने विपद् र त्यसवाट सृजित मानवीय असरहरुलाई न्यूनीकरण गर्न पूर्व योजना तर्जुमा गर्ने ।
- विपद्को समयमा र विपद् पश्चात् गर्ने गतिविधिहरुको जिम्मेवारी क्रमवद्ध रुपमा राखी सरोकारवालाहरुलाई जानकारी गराउने ।
- विपद्को क्षेत्रमा कार्यरत सरकारी, गै.स.स. तथा अन्तराष्ट्रिय गैससहरुसंग विपद् पूर्व नै आकस्मिक योजना तयार गरी विपद् सामना गर्न सक्ने क्षमता (Resilience Power) को पहिचान गर्न ।
- विपद्को समयमा संयमित र संगठित भई विपद् व्यवस्थापन कार्यलाई योजनावद्ध तरिकाबाट पूर्व जिम्मेवारीको किटान गरी व्यवस्थापन गर्न सहयोग गर्ने ।

## २.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाबाट विपद् प्रतिकार्यलाई व्यवस्थित गर्नुका साथै सरोकारवाला निकायहरुले निम्न वमोजिमको उपलब्धि हासिल गर्नेछन् ।

- विपद् पहिला गर्नुपर्ने आधारभुत जोखिम न्युनीकरणका कार्य सुनिश्चित हुनेछन् ।
- विपद्का समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सकिनेछ ।
- विपदका जोखिम कम गर्न सरोकारवाला र समुदायबीच सहकार्यको अभिवृद्धि हुनेछ ।
- उद्धार र राहत जस्ता कार्यमा पीडित समदायको समान पहुँचको प्रत्याभुति हुनेछ ।
- सामाजिक, सांस्कतिक मर्यादा तथा सद्भाव अभिवृद्धि भई विपदको अवस्थामा एकजुट हुने वातावरण तयार हुनेछ ।
- क्षेत्रगत रूपमा कामको बाडँफाँड हुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनका साथ जवाफदेहीता र उत्तरदायित्वका भावनाका विकास हुने ।
- सङ्कटाभिमुख समुदाय एवं क्षेत्रहरु पहिचान भई प्रकोप जोखिम नक्शांकन तयार हुनेछ ।
- गाउँपालिकामा मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरु पहिचान भई स्रोत र साधनको आँकलन हुनेछ ।
- विषयगत क्षेत्रहरुको महामारी, बाढी, पहिरो र भूकम्पको आकस्मिक योजना निमार्ण भई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुनेछ ।
- विपद् प्रभावितहरुलाई तत्काल उद्दार तथा राहत सेवा पुऱ्याउन सरल उपायहरु अवलम्बन गर्न सजिलो पार्नेछ ।
- गाउँपालिकामा आपतकालीन सञ्चालन केन्द्र स्थापना हुने र सोबाट समुदाय र केन्द्रबिच द्रुत सुचना स्थापित गरि प्रतिकार्य प्रभावकारी हुनेछ ।
- विपद् जोखिम न्यूनिकरण गर्न सरोकारवालाहरु बीच समन्वयात्मक संयन्त्रको निर्माण भई प्रकोपको समय र प्रकोप पश्चात तत्काल प्रतिकार्य गर्न सहज हुनेछ ।

- विपद्को समयमा वडा कार्यालयका वडा स्तरिय तथा गाउँपालिका स्तरिय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधीलाई अघि बढाइने छ ।

## २.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा प्रकिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा प्रकिया गाउँपालिका स्तरिय विपद् व्यवस्थापन समितिका पदाधिकारीसँगको छलफल तथा मिति २०७८ फाल्गुन २९ र ३० गते बसेको समितिको बैठक अनुसार विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको तर्जुमा गरिएको हो । उक्त छलफलमा गाउँपालिकामा भएका विपद्का घटनाहरु सम्बन्धि तथ्याङ्क, प्रकोपको आँकलन, जोखिमको पूर्वानुमान, पूर्व सूचना प्रणाली आदिको आधारभूत अध्ययन गरिएको थियो । गाउँपालिकामा स्थित विभिन्न सरकारी एवम् गैर सरकारी निकायहरु विच विभिन्न समयमा भएका औपचारिक तथा अनौपचारिक छलफल पश्चात हालको विपद्को परिस्थितिलाई केन्द्र विन्दुमा राखी स्थानीय विपद् व्यवस्थापन समिति, सानीभेरीको आयोजनामा गाउँपालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको छ । यस योजनालाई स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०७९ मंसिर १७ गते बसेको बैठकले प्राप्त सुझाव सहित अध्यावधिक पारीत गरेको छ र सो योजनालाई कार्यपालिकाको बैठकमा प्रस्तुत गरि गाउँसभामा अनुमोदन गरिनेछ । साथै मिति २०७९ मंसिर १८ गते कार्यपालीका, कर्मचारी तथा स्थानीयको संलग्नतामा पहिरो सम्बन्धी कृतीम अभ्यास पनी समपन्न भएको छ । विपद् पूर्वतयारी तथा प्रतीकार्य योजना तर्जुमाको अवधारणगत ढाँचा चित्र २ मा प्रस्तुत गरिएको छ ।




चित्र २ : विपद् पूर्वतयारी तथा प्रतीकार्य योजना तर्जुमाको अवधारणागत ढाँचा

## २.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको सिमितता

यस योजनाका निम्नानुसार सीमितता रहेको छ ।

- कार्ययोजना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुरुप क्षेत्रगत अवधारणा अन्तर्गत तर्जुमा गरिएको छ । गाउँपालिका तथा संस्थाले आफ्नो नेतृत्वलाई प्रभावकारी नबनाए क्षेत्रगत अवधारणाको कार्यान्वयन कमजोर हुन सक्नेछ ।
- विपद्को जोखिम र सङ्कटासन्न वडा समुदायको अनुमान तथा प्रक्षेपण धेरै देखिँदा कार्ययोजना र त्यसले निर्धारण गरेको बजेट महत्वकांक्षी देखिन सक्छ ।
- अनुमान गरेभन्दा ठूलो संख्यामा प्रभाव पार्ने विपद् आइलागेको खण्डमा यस योजनामा तय गरिएका प्रावधानलाई पर्याप्त नहुन सक्छ ।
- यो कार्ययोजना विकास-निर्माणसँग सम्बन्धित नभएर विपद् व्यवस्थापनको लागि तयार गरिएको हुँदा पूर्वतयारीका कार्य निरन्तर गरिरहनु परे पनि प्रतिकार्यका अधिकांश प्रावधान विपद् नपरेमा निस्क्रिय रहनेछन् ।
- विपद् परिहालेको अवस्थामा योजना अनुरुप मानवीय सहयोग उपलब्ध गराउन समितिसँग स्रोतको अभाव हुने भएकोले योजना अनुरुप विपद् प्रतिकार्यका कार्यक्रम सञ्चालन गर्न सरकार, जिल्ला, प्रदेश तथा केन्द्रीय समिति र दाताहरुसँग सहयोग र सहकार्य गरी पूर्व तयारी गर्नु पर्नेछ ।
- प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिका र स्थानीय विपद् व्यवस्थापन समितिलाई क्षेत्रगत रूपमा जनशक्ति तयार गर्न र भौतिक सामग्रीहरु प्राप्त गर्न समय लाग्नेछ र त्यसको लागि स्रोतको खोजी गर्नु पर्ने अवस्था रहन्छ ।

## २.४ योजना तर्जुमाको पुर्वानुमान /परिस्थिति तथा योजना तर्जुमा सम्बन्धी पूर्वानुमान

यस गाउँपालिकामा विगतमा घटेका प्रकोप जस्तै पहिरो, बाढी, खडेरी, आगलागी, महामारी (कोभीड, झाडापखला, हैजा, भाइरल ज्वरो) आदी घटना र २०७९ सालसम्म भएका विपद्का घटनाहरुमा जिल्लामा तथा गाउँपालिकामा सञ्चालन गरिएका विपद् जोखिम न्यूनिकरणका क्रियाकलापहरूको अभ्यास, सिकाई र अनुभवका आधारमा योजना तर्जुमा गरिएको छ । विपद्का घटना र त्यसले पारेका प्रभाव समेत ध्यानमा राखी यस वर्ष २०७९ मा निम्न वमोजिम विपद्को सम्भावित असरको पूर्वानुमान सहित राहत प्रतिकार्य योजना तयार गरिएको छ ।

सानीभेरी नदिले विभिन्न किनारमा कटान गरेको, खडेरी र असिनापानीले बालीनाली नष्ट, विभिन्न वडाहरुमा वर्षेनी आगलागी, डढेलोले विपद निम्त्याएको, चट्याङ्गले गर्दा मानवीय क्षती, चौपाया र जनावर तथा गाउँ बस्तिलाई वर्षेनी असर परिरहेको छ । त्यसैगरी पशु चौपायाहरुमा विभिन्न रोग तथा विषादीयुक्त घाँस खाएर बाख्रा आदीको मृत्यु भएको छ । झाडापखाला, कोभिड जस्ता महामारीले छिमेकी जिल्लाहरु सहित यस पालिकालाई पनी प्रभाव पारेको छ । ठूलै घटना नभए पनी, मध्य पहाडि लोकमार्ग अर्न्तगतको रोडमा सम्भावित दुर्घटना छ र छिटफुट दुर्घटना भईरहेको छ । नदीमा लुगा धुन, पौडिन जाँदा बगाएर, डुबेर वर्षेनी कैयौं व्यक्तीहरुको निधन भईरहेको छ ।

# परिच्छेद ३ : विपद् जोखिमको अवस्था

## ३.१ विगतका विपद्हरुको विश्लेषण

यस गाउँपालिकामा भएका विपदहरुको विवरण तपशलि अनुसार रहेको छ ।

| बर्ष (बि.सं.) | वडा नं. | प्रकोपको विवरण | प्रभावित घरधुरी | क्षति | | |
|---|---|---|---|---|---|---|
| | | | | घाइते | मृत यु | बिस्थापित |
| २०३७ | ११ | चट्याङ | १५० | ५ | १ | |
| २०४२ | ११ | खडेरी | १५० | | | |
| २०४५ | ०९ | पहिरो (तङ्ग) | ५ | - | - | ५ |
| २०४७ | ०९ | आगलागी (ठूलाचौर) | ३ | - | - | ३ |
| २०४६/४/२० | ११ | बाढी | ५० | ४५ | १ | १५ |
| २०४६/४/२० | ११ | पहिरो | १२० | ३५ | | ४० |
| २०५१ | १ | बाढी | १ | | १ | |
| २०५२ | ८ | पहिरोले २ वटा गोरु र ४ वटा भैंसी मरेको | १० | | ६ | १ |
| २०५८ | ११ | असिना | १८० | १० | | |
| २०६३ | १० | बाढी | २० | | | |
| २०६५ | १ | धान, मकैमा कालो पोके, आलुमा रातो कमीला, धानमा ब्लाष्ट, मकैमा खुम्रे किरा, बन्दा, काउलीहरुमा पनी खाने लाही, आलुमा पुतली, केरामा खुइरो, सुन्तलाको दाना भित्र कीरा लाग्ने गरेकोले उत्पादनमा कमी तथा भण्डारणमा समेत समस्या भएको | | | | |
| २०६६ | १ | लोकप्रिय सामुदायिक वनमा आगलागी हुँदा वनमा रहेका बोटबिरुवा, जडीबुटी, स्याउला सोत्तर, वन्यजन्तु र पंक्षीहरुमा क्षती हुनुको साथै रैथाने वनस्पति, बोटबिरुवा, जडीबुटी र वन्यजन्तुहरु लोप हुने गरेको | | | | |
| २०६६ | १ | चट्याङद्धारा १ जनाको मृत्यु | १ | | १ | |
| २०६७ देखि | १ | प्रत्येक वर्ष कुखुरामा भ्Dोक्राउने, पखाला लाग्ने, जुका पर्ने, आँखा पाक्ने, घाँटी ख्यार ख्यार गर्ने, खुट्टा कुँजीने रोग बढी मात्रामा देखिएको छ । यस रोगले प्रत्येक वर्ष १००० भन्दा बढी कुखुरा मर्ने गरेको । २०७१ सालमा धेरै असर गरेको । २०६६ सालमा बाखामा नाकबाट सिगान बग्ने, पखाला लाग्ने, पेट ढाडिने लक्षणले ६० वटा बाखा मरेको<br>गाई गोरु तथा भैसीमा पनि घाँटी सुन्निने, टाउको सुन्निने, खाना नखाने, पेट ढाडिने जस्ता लक्षणको रोगले वर्षेनी सताउने गरेको । | | | | |
| २०६८ | २ | थाराहाले पहिरोले ३ जना मृत्यु | | | ३ | |

| बर्ष (बि.सं.) | वडा नं. | प्रकोपको विवरण | प्रभावित घरधुरी | क्षति | | |
|---|---|---|---|---|---|---|
| | | | | घाइते | मृत यु | बिस्थापित |
| २०६८ | २ | फर्सेनी पहिरोले १० वटा घट्ट र १२ रोपनी खेत बगाएको | १२ | | | |
| २०६८ | २ | सिमलगैरा पहिरो, सिम पहिरो, डोप्के पहिरोको कारण घरहरु जोखिममा रहेको | १३ | | | |
| २०६८ | २ | छरिखोलाले आसपासमा करीब ३०० रोपनी र साउनेपानी खोलाले १५ रोपनी खेती योग्य जमीनमा क्षती गरेको, ३ वटा घट्ट बगाएको | १३ | | | |
| २०६८ | २ | सिलाने तथा साउने खोलाले २० रोपनी खेती योग्य जमीनमा क्षती गरेको । | ९ | | | |
| २०६८ | २ | परिगाउँको पहिरो | | | १० | १ |
| २०६८ | २ | साउनेपानी पहिरोले करिब ४०० रोपनी जग्गामा क्षती | ७ | | | |
| २०६८, २०६९, २०७१ | २ | कृषि उत्पादनमा कमी भएको । हिँउदे वर्षा भएर हिँउदे् बाली कुनै पनि नलगाउने गरेको । | | | | |
| २०७० | २ | साउनेपानीको पहिरोले करीब ३० रोपनी जग्गामा क्षती | १० | | | |
| २०७२ | १ | छोटे बगरको तटबन्धमा क्षती भएको | | | | |
| २०७२ | २ | मकै बालीमा बोट पहेँलो हुने, गुबे रोग लाग्ने तथा उन्नत जातको बिउ लगाउँदा उत्पादनमा कमी भएको । गहुँ बालीमा बालाहरुमा ढुसी लाग्ने जस्तो रोगहरु देखा परेको सिमीमा लिस. किरा लाग्ने, फलफुलमा सानो छँदा कुईने झर्ने जस्ता रोगहरु देखा परेको पाईयो । | | | | |
| २०७२ | १० | आगलागी | ३ | | | |
| २०७३ | १, चाइना बगर | ढारावन पहिराले गर्दा खेती योग्य जमीन नष्ट | ५० | | | |
| २०७३ | २ | धैरेनी पहिरो १ घर भत्कीएको तथा आईढोरनी सिचाई कुलो करिब ५०० मिटर पक्की भागमा क्षती | १ | | | |
| २०७३ | २ | बालबिकास भवन भत्काएको, घरको छाना उडाएको | १ | | | |
| २०७३ | ४ | आगलागी | २४ | २ | | |
| २०७३ | १० | हावाहुरी | २ घर, २ विद्यालय | | | |
| २०७४ | १ | स्याला खोलाले ३ वटा पानीघट्ट बगाएको | ३ | | | |
| २०७४ | १ | बाढी पहिराले १ घर बगाएको | २० | | | २ |
| २०७४ | २ | असीनापानीले गहुँबाली, तरकारी, फलफुल खेतीमा क्षती | | | | |
| २०७४ | २ | हावाहुरीले ५०० मुरी जति मकैमा क्षती | | | | |
| २०७४ | ५ | चट्याङ | १ | १ | | |
| २०७४ | ५ | पहिरो | १ | | ३ | १ |
| २०७४ | ५ | पहिरो | ५ | | | |
| २०७४ | वडा नं. ६ | भिषण आगलागीका कारण खेत टोलका भक्ते घर्तीको घर आगलागीका कारण वालीनाली, भाँडाकुँडा नष्ट भएको | १ | | | १ |

| बर्ष (बि.सं.) | वडा नं. | प्रकोपको विवरण | प्रभावित घरधुरी | क्षति | | |
|---|---|---|---|---|---|---|
| | | | | घाइते | मृत यु | बिस्थापित |
| २०७५ | १ | बुकिचौर पहिराले गर्दा ४ रोपनी पाखोबारीमा क्षती, कुरीलो खेती पुरीएको | २ | | | |
| २०७५ | १ | सिलबारी बागेटाकुरा पहिराले गर्दा १ घर भत्कीएको, २२० रोपनी खेती योग्य जमीनमा क्षती, १ रोपनी सुन्तला बारी, मकै बालीमा क्षती | ४ | | | १ |
| २०७५ | १ | भलुखोलमा पहिरोले ८ रोपनी खेती योग्य जमीनमा क्षती | २ | | | १ |
| २०७५ | २ | बिसौना पहिरो जोखिमा २ वटा घरहरु रहेको | २ | | | |
| २०७५ | १ | भेरीखोला बाढीले चाइनाबगरमा खेतीयोग्य जमीन कटान गरेको र २० मिटर लामो सिँचाई कलो बगाएको | ३ | | | |
| २०७५ | १ | भरालखोलामा गएको बाढीले ७५ वटा सुन्तला र आँपको बोटहरु फालेको, २ रोपनी जग्गा नष्ट | ३ | | | |
| २०७५ | १ | भेरी नदीको बाढीले ११ रोपनी खेतीयोग्य जमीन कटान | ४ | | | |
| २०७५ | १ | बाउनी खेत वरीपरी ५०० रोपनी तथा चौके खेतमा २०० रोपनी जती धानखेत नष्ट भएको | | | | |
| २०७५ | १ | धागकाटे खोलाले घरहरु जोखिममा रहेको | १० | | | १ |
| २०७५ | १ | राक्से खोला खानेपानी ट्याङ्की पूर्ण रुपमा क्षती भएको | | | | |
| २०७५ | २ | पहिरोले घट्ट, सार्वजनिक धाराहरु बगाएको, ट्वाइलटे पुरेको, बर्माथान पहिरोले खेतीयोग्य जमिन र खानेपानीको पाईप पुरेको, मकै बारी बगाएको र १ घर जोखिममा | ३ | | | |
| २०७५ | ६ | भिषण आगलागीका कारण कोट टोलका दलजीत पुनको घर, अन्न, लत्ताकपडा आगलागीका कारण नष्ट भएको | १ | | | १ |
| २०७५ | ६ | भिषण वर्षाका कारण कोट टोलका डिलु जैसीको घर पहिरोका कारण भत्किएको, अन्न लत्ताकपडा क्षति भएको | १ | | | १ |
| | सबै | प्रत्येक वर्ष सबै वडाहरुमा खडेरीको समस्या बढ्दै गएकाले कृषि तथा पशु साथै मानवहरुमा पनी रोगहरु वृद्धि | | | | |
| २०७४ | १ | हावाहुरीले विद्यालयको छानामा क्षती | | | | |
| २०७४ | ८ | चट्याङले बिप्पे लिफ्ट खानेपानीको सोलार मोटर कन्भटर पूर्ण रुपमा खाएको, ४ भैंसी, ६ बाखा मृत्यु | ५५ | १५ | २ | |
| २०७४ | ११ | आगलागी | ४० | ६ | १ | |
| २०७४/०७५ | ६ | भिषण वाढी पहिरोका कारण छहरा टोलका अमृत खत्रीको घर भत्किएको | १ | | | १ |
| २०७४/०७५ | वडा नं. ६ | भिषण आगलागीका कारण सल्लीचौर टोलमा घरहरु जलेका, वालीनाली नष्ट, १० वाखा र ४भैंसी जलेको | ८ | | | ८ |

| बर्ष (बि.सं.) | वडा नं. | प्रकोपको विवरण | प्रभावित घरधुरी | क्षति | | |
|---|---|---|---|---|---|---|
| | | | | घाइते | मृत यु | बिस्थापित |
| २०७५ | १ | हावाहुरीले मकै बालीका साथै फलफुलमा क्षती पुर्‍याएको | | | | |
| २०७५ | १ | असिनापानीले मकै बाली तथा फलफुलमा क्षती | | | | |
| २०७५ | ४ | चट्याङ्ग | २४ | १ | १ | |
| २०७५ | ८ | हावाहुरी | २८ घर, ४ विद्यालय | ५ | | |
| २०७६ | १ | नदी कटानका कारण जमीन नष्ट | ३५ | | | |
| २०७६ | वडा नं. ६ | खेत टोलका कमला घर्तीको आगलागीका कारण घर नष्ट भएको, भाँडाकुँडा जलेका | १ वटा | | | १ |
| २०७६ | ५ | चट्याङ | २ | १ | | |
| २०७६ | वडा नं. ६ | कोट टोलका ओम बहादुर कुसारीका भिषण वर्षाका कारण वाढी आएर घट्ट बगाएको | १ | | | |
| २०७५/२/२८ | ११ | बाढी | ४० | ३० | | २० |
| २०७५/२/२८ | ११ | पहिरो | ४० | ३० | | २५ |
| २०७६/५/१५ | ११ | बाढी | १५ | ३५ | | १० |
| २०७६/४/२० | ११ | पहिरो | ९० | २५ | | १० |
| २०७६ | ११ | हावाहुरी | १०० | १० | | |
| २०७७ | १ | आगलागीले वनजङल र खानेपानी नष्ट | २५० | | | |
| २०७७ | ५ | चट्याङले २ वटा भैंसी मरेको | १ | | | |
| २०७७ | ५ | हावाहुरी | २ | | | |
| २०७७ | वडा नं. ६ | कोटगाउँ टोलका धन बहदुर दमाईको भिषण वर्षाका कारण वाढी आएर घर भत्किएका | १ | | | १ |
| २०७७ | ७ | पिराल्नामा पहिरो | १० | | | |
| २०७७ | ७ | मुलपानीमा पहिरो | ५ | | | |
| २०७७ | ७ | उगाली पाखोलमा पहिरो | ४ | | | |
| २०७७ | ७ | फुक ज्युलामा बाढी | १ | | | |
| २०७७ | ७ | महुवेला बस्तीमा पहिरो | २० | | | |
| २०७७ | ७ | पिराल्न परियार टोलको नेत्र बहादुर दमाईको घरमा आगलागी | १ | | | |
| २०७७ | ७ | फुगु ज्यूलामा पहिरो | १० | | | |
| २०७७ | ११ | खडेरी | ५० | | | |

| बर्ष (बि.सं.) | वडा नं. | प्रकोपको विवरण | प्रभावित घरधुरी | क्षति | | |
|---|---|---|---|---|---|---|
| | | | | घाइते | मृत यु | बिस्थापित |
| २०७८ | ४ | चट्याङ्ग | २४ | | २ | |
| २०७८ | ३ | रिम्ना गाराबाट क्षेत्रीय सडक दाँया बाँया पहिरो गएको, खरेखोला (ज्यामीरेमा पहिरो गएको) | | | | |
| २०७८ | ८ | आगलागीले खानेपानीको पाइप क्षती भएको | ११ | | | |
| २०७९ | १ | बाढीका कारण खेती योग्य जमीन नष्ट | १५ | | | |
| २०७९ | ३ | गुमाखोलामा बाढी | २ | | २ | १० |
| २०७९ | ३ | गजेटाकुरीमा पहिरो | १ | | | |
| २०७९ | ३ | गरायला ज्युँला घारी खेत पहिरोले पुरेको | १५ | | | १५ |
| २०७९ | ३ | देउताखोलाले दायाँ बायाँ सब ठाउँमा कटान गरेको | | | | |
| २०७९ | ३ | हावाहुरी | | | | |
| २०७९ | ५ | गुदुमडरा खत्री बारा भदाले पहिरोले २ वटा भैंसी मरेको | ७ | ५ | | २५ |
| २०७९ | ५ | घापागार पहिरो | ५ | | | २५ |
| २०७९ | ५ | हाँसु पहिरो | ६ | | | |
| २०७९ | ५ | किलघैटे | ५ | | | १ |
| २०७९ | वडा नं. ६ | छहरा टोलका भिमे खत्रीको पहिरोका कारण घर भत्किएको, १ वटा रांगो मरेको | १ | | | १ |
| २०७९ | वडा नं. ६ | कोट टोलका शेर बहादुर पुनको कुईलागे जंगलमा लागेको भीषण आगलागीका कारण १० वटा वाखा जलेर नष्ट | १ | | | |
| २०७९ | १० | पहिरो | १ विद्यालय | | | |

## ३.२ प्रमुख प्रकोपहरु र प्राथमीकतामा रहेका प्रकोपहरु

गाउँपालिका भित्र विगत वर्षमा विपद् बाट क्षती पुऱ्याएको आधारमा ११ किसिमका विपद्का घटनाहरू पहिचान भएका छन् । गाउँपालिकाको भौगोलिक र वातावरणीय कारणले भुकम्प जती खेर पनी आउने र ठूलै विनाश गर्ने भएकाले सबभन्दा उच्च भनीएको छ र यसलाई अरु विपदहरुसँग दाँजीएको छैन् । भुकम्प पछि महामारी जस्तै मावनीय, पशु, कृषिमा देखिएको रोगले यो गाउँपालिकामा उच्च जोखिम सिर्जना गरेको छ । विपद्ले विगतमा पारेको प्रभाव, उपलब्ध स्रोत सामग्रीहरु त्था भविष्यमा आउने सम्भावनाको विश्लेषण गरी विपद् जोखिमको आधारमा निम्न अनुसार स्तरीकरण गरिएको छ ।

तालीका १ : प्रकोपहरुको स्तरीकरण

| प्रकोप | बाढी | पहिरो | आगलागी | चट्याङ | महामारी | हावाहुरी | सडक दुर्घटना | नदी दुर्घटना | खडेरी | असिना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **बाढी** | x | पहिरो | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **पहिरो** | x | x | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| **आगलागी** | x | x | x | आगलागी | महामारी | हावाहुरी | सडक दुर्घटना | आगलागी | आगलागी | आगलागी |
| **चट्याङ** | x | x | x | x | महामारी | हावाहुरी | सडक दुर्घटना | चट्याङ | खडेरी | असिना |
| **महामारी** | x | x | x | x | x | महामारी | महामारी | महामारी | महामारी | महामारी |
| **हावाहुरी** | x | x | x | x | x | x | सडक दुर्घटना | हावाहुरी | खडेरी | हावाहुरी |
| **सडक दुर्घटना** | x | x | x | x | x | x | x | सडक दुर्घटना | खडेरी | सडक दुर्घटना |
| **नदी दुर्घटना** | x | x | x | x | x | x | x | x | खडेरी | असिना |
| **खडेरी** | x | x | x | x | x | x | x | x | x | खडेरी |
| **असिना** | x | x | x | x | x | x | x | x | x | x |
| **जम्मा** | ८ | ९ | ४ | १ | ७ | ४ | ४ | ० | ५ | २ |
| **स्तर** | **दोश्रो** | **पहिलो** | **पाचौं** | **सातौं** | **तेस्रो** | **पाचौं** | **पाचौं** | **आठौं** | **चौथो** | **छैटौं** |

महामारील प्राथमीकीकरणका हिसाबले तेश्रो अङ्क प्राप्त गरेको र अहिलेको अवस्थामा मानवीय महामारी अली ठूलै विपदको रुपमा फैलीएको हुँदा यसको किसिमको पहिचान र स्तरीकरण पनि आवश्यक रहेको छ। मानवीय महामारीको विपद जोखिम विश्लेषणको आधारमा निम्न स्तरीकरण गरीएको छ।

| स्वास्थ्य संकट | कोरोना | झाडापखाला | हैजा | भाईरल ज्वरो | दादुरा |
|---|---|---|---|---|---|
| **कोरोना** | x | कोरोना | कोरोना | कोरोना | कोरोना |
| **झाडापखाला** | x | x | झाडापकाला | भाइरल ज्वरो | झाडापकाला |
| **हैजा** | x | x | x | भाइरल ज्वरो | हैजा |
| **भाईरल ज्वरो** | x | x | x | x | भाइरल ज्वरो |
| **दादुरा** | x | x | x | x | x |
| **जम्मा** | ४ | २ | १ | ३ | ० |
| **स्तरीकरण** | **पहिलो** | **तेस्रो** | **चौथो** | **दोस्रो** | |

महामारी मध्ये कोरोनाको जोखिम उच्च रहेको छ भने भाइरल ज्वरो, झाडापखाला र हैजाको असर क्रमस देखिन्छ। दादुराले विगतमा ठूलो असर देखे तापनी हाल महामारीको रुप लीएको छैन।

## ३.३ प्रकोप पात्रो

हालको प्रकोप जाने समयलाई लिएर प्रकोप पात्रो तयार गरीएको छ।

तालीका २ : प्रकोप पात्र

| प्रकोपहरु/महिना | बैशाख | जेठ | असार | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महामारी | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| पहिरो | | | √ | √ | √ | √ | | | | | | |
| बाढी | | | √ | √ | √ | √ | | | | | | |
| खडेरी | √ | √ | | | | | | | | | | √ |
| सडक दुर्घटना | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| हावाहुरी | √ | √ | √ | | | | | | | | | √ |
| आगलागी | √ | √ | | | | | | | | | | √ |
| असिना | √ | | | | | √ | | | | | | √ |
| चट्याङ | | | √ | √ | √ | | | | | | | √ |
| नदी दुर्घटना | √ | √ | √ | √ | √ | √ | | | | | | √ |
| भुकम्प | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |

माथिको तालिकाबाट आषाढदेखि असोजसम्म बाढी, डुवान तथा पहिराको प्रकोप देखिन्छ भने बैशाख, जेठ र चैत्रमा आगलागीको विपद् बढी हुने गर्दछ। बैशाख देखि अषाढ र चैत्र महिनाहरूमा हुरीबतासका घटनाहरू हुने गर्दछन्। नेपाल भुकम्पको जोखिमको उच्च स्थानमा रहेको हुदाँ भुकम्पीय जोखिमको संभावना जुनसुकै समयमा हुनसक्ने भएकाले यसको पुर्वतयारीका प्रयासहरू निरन्तर गरिराख्नुपर्ने आवश्यकता देखिन्छ। सुख्खा मौसम तथा खडेरीको समय एवं बर्षात्मा महामारीको प्रकोप बढी भएतापनी कोभिड पछि यसको सम्भावना १२ महिनै हुने गरेको देखिन्छ। उल्लेखित प्रकोपको समय रेखाबाट विपद् पुर्वतयारीका गतिविधिहरू सञ्चालन गर्नका लागि विपद्मा काम गर्ने निकायहरू बीच समन्वय र सहकार्यका लागि गाउँपालिकाको भूमिका र पहलकदमी महत्वपूर्ण हुन्छ।

### ३.४ सम्भाव्य प्रकोपको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शाङ्कन

गाउँपालिका भित्र विगत बर्षमा विपद् बाट क्षती पुर्‍याएको आधारमा ११ किसिमका विपद्का घटनाहरू पहिचान भएका छन्। यी विपद्हरूबाट हुने सम्भावित क्षति तथा विगतमा भएका क्षतीको समेत आँकलन गरेर गाउँपालिकाको विभिन्न वडाहरूको संकटासन्नताको स्तर मापन गरिएको छ। निम्न सम्भावना भएको प्रकोपलाई १ र क्रमशै उच्च सम्भावना भएको प्रकोपलाइ ५ अङ्कभार दिइएको छ। पुर्ण अङ्कभार मध्ये ०-१५ आएमा निम्न संकटासन्न, १६-३० आएमा मध्यम संकटासन्न र ३१-४५ भाएमा उच्च संकटासन्न वडा मानीनेछ।

तालीका ३ : पालिकाको प्रकोप जोखिम विश्लेषण

| वडा नं | पहिरो | बाढी | आगलागी | महामारी | हावाहुरी | खडेरी | सडक दुर्घटना | चट्याङ | असिना | जम्मा | संकटासन्नताको स्तर ( निम्न, मध्यम, उच्च ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | ५ | २ | ४ | २ | ३ | ३ | ३ | ३ | २८ | मध्यम |
| २ | ५ | ४ | ३ | ४ | ४ | ३ | ३ | ३ | ३ | ३२ | उच्च |
| ३ | २ | ४ | ५ | ४ | ३ | ४ | १ | २ | ४ | २९ | मध्यम |
| ४ | २ | ३ | ५ | ४ | ३ | ५ | १ | ४ | ३ | ३० | मध्यम |
| ५ | ५ | ३ | ४ | ४ | ४ | ५ | १ | ३ | ३ | ३२ | उच्च |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ४ | २ | ४ | ४ | ३ | ४ | १ | १ | ३ | २६ | मध्यम |
| ७ | ४ | ४ | ३ | ४ | ४ | ३ | २ | ३ | ३ | ३० | मध्यम |
| ८ | ४ | ३ | ३ | ४ | ४ | ४ | २ | ५ | ४ | ३३ | उच्च |
| ९ | ४ | २ | २ | ४ | ३ | ३ | ३ | ४ | ३ | २८ | मध्यम |
| १० | ५ | ३ | २ | ४ | ३ | ३ | २ | ४ | ३ | २९ | मध्यम |
| ११ | ५ | ३ | ३ | ५ | ५ | ३ | ३ | ४ | ३ | ३४ | उच्च |




चित्र २ : वडाको संकटासन्न स्तरीकरण

तालीका ४ : वडा भित्रका जोखिम क्षेत्रहरु

| वडा नं | प्रकोप | जोखिम क्षेत्र | जोखिममा पर्ने धरधुरी | जोखिममा पर्ने जनसंख्या | क्षती पुग्ने घरहरुको संख्या | विस्थापित हुन सक्ने परिवार | घाइते हुन सक्ने संख्या | मर्ने सक्ने संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाढी | पूर्तिमकाडा, भेरी नदी | २ | | | | | |
| २ | पहिरो | साउनेपानी | १५ | ४५ | ५ | ५ | | |
| २ | पहिरो | कल्लेघारी | २१ | १०४ | २१ | १०४ | | |
| २ | हावाहुरी | वडा भरी | ४१० | २२०० | ४१० | २२०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | बाढी | बाल विकास केन्द्र, फिल्ड निमांण वाल भत्केको | ४२ | ३० | ४२ | ३० | | |
| २ | पहिरो | पैयौ पाखा | १८ | १०५ | १० | १० | | |
| २ | पहिरो | परि | २० | ११० | २० | ११० | | |
| ३ | पहिरो | गजेटाकुरी, चोखे, खरेखोला | १५ | ५० | १५ | ५० जना, १५ परिवार | | |
| ३ | बाढी | गुमाखोला | १७ | ५२ | १७ | १७ | | |
| ३ | हावाहुरी | चिउरेखाली, भलाचौर, स्याला | २५० | १००० | २५० | २५० | | |
| ३ | हावाहुरी | गरायला, अधिँयाचौर, डाँडा, मेलचौर, ज्यामीरे, तिमिले | ४०० | | | | | |
| ४ | आगलागी | टुरा, बादापानी | ३० | १४५ | १५ | ८ | ८ | ३ |
| ४ | हावाहुरी | रामी टुरा, चाख्ली मेला | १२० | ६२० | ८० | | | |
| ४ | पहिरो | पुरानागाउँ, जुगेखोला | १२ | ४५ | ८ | ६ | २२ | १२ |
| ४ | पहिरो | अम्रापाखा | १० | ५० | ४ | ८ | ५ | |
| ४ | पहिरो | ढाँराकाल्ना | ४ | १२ | ३ | ३ | ७ | ४ |
| ५ | पहिरो | दहनेटा देखि हाँसु सम्मको सडक आसपासको क्षेत्र | १६५ | ८२५ | १६५ | १६५ | ८२५ | ८२५ |
| ५ | पहिरो | मेल्चौर देखि बल्लेवास रिट्ना सम्मको सडक दायाँवायाँ क्षेत्र | ९ | ४५ | ९ | ९ | ४५ | ४५ |
| ५ | पहिरो | मेल्चौर देखि धनेखोला सडक खण्डको आसपासको क्षेत्र | २० | १०० | २० | २० | १०० | १०० |
| ५ | पहिरो | तुसारे पानीदेखि पाथीहाल्ने सम्म सडक खण्डको आसपासको क्षेत्र | २२ | १०० | २२ | २२ | १०० | १०० |
| ५ | बाढी | गुदुमडाँरा | ९ | ४५ | ९ | ९ | ४५ | ४५ |
| ५ | वाढी | नेपाल राष्ट्रिय मा.वि.घापागार विद्यालय | | | | | | |
| ५ | आगलागी | हाँसु क्षेत्र | २० | ५० | २० | २० | ५० | ५० |
| ५ | आगलागी | गुदुमडाँरा | १५ | ४५ | १५ | १५ | ४५ | ४५ |
| ५ | हावाहुरी | हाँसु | ९६ | ५७६ | ९६ | ९६ | ५७६ | ५७६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | हावाहुरी | किलुघैटे | ४२ | २१० | ४२ | ४२ | २१० | २१० |
| ५ | हावाहुरी | घिउढुङ्गा,सिल्टाकुरी | ३७ | २२२ | ३७ | ३७ | २२२ | २२२ |
| ५ | हावाहुरी | गोलचौर पोखरी | २७ | १६२ | २७ | २७ | १६२ | १६२ |
| ५ | हावाहुरी | गुदुमडारा | ३१ | १८६ | ३१ | ३१ | १८६ | १८६ |
| ५ | हावाहुरी | सक्नेरी | २२ | ११० | २२ | २२ | ११० | ११० |
| ५ | खडेरी | माथिल्लो मेल्चौर | २५ | १२५ | २५ | २५ | १२५ | १२५ |
| ६ | आगलागी | सल्लेरी टोल | १० | ४० | ६ | ५ | २० | १२ |
| ६ | पहिरो | छहरा टोल | २० | ६० | १२ | १० | २५ | २२ |
| ६ | पहिरो | खेत टोल | १० | २० | ६ | ४ | १३ | ८ |
| ६ | पहिरो | दमार टोल | ४ | २० | ३ | ३ | १५ | ८ |
| ६ | पहिरो | थागलडाँडा टोल | १५ | ६० | १० | ८ | १२ | १० |
| ६ | आगलागी | कोटगाउँ टोल | ८० | २०० | ४० | ३० | १०० | ६० |
| ७ | पहिरो | पिराल्ना | १० | ५० | ३ | | | |
| ७ | पहिरो | रातामाटा | ३२ | १२८ | ६ | | | |
| ७ | पहिरो | पाखेरोल | ५ | ३० | ५ | | | |
| ७ | पहिरो | बोहरागाउँ | ५ | ४५ | ५ | | | |
| ७ | पहिरो | गाउँमुनी | २ | १० | १ | | | |
| ७ | पहिरो | खल्टाकुरी | ५ | ५ | २ | | | |
| ७ | पहिरो | जैजाने | १ | ५ | १ | | | |
| ७ | पहिरो | मैनेरी | २ | १२ | | | | |
| ७ | पहिरो | लिगा | १ | ८ | १ | | | |
| ७ | पहिरो | माहुवेला | २० | १०० | ३ | | | |
| ७ | पहिरो | फुक ज्युलाम | १० | १००० | २ | | | |
| ८ | पहिरो | एकान्त बजार, माथील्लो आमडाडा, पाखे रोल | २२ घर, ३ बिद्यालय | ११८ | १० | ५ | १५ | ४ |
| ८ | बाढी | सिम्ली खोला, छोटेबगर, हुसुखोला | ८ घट्ट, ५ घर, १ बिद्यालय | २५ | २ | १० | ३ | |
| ८ | आगलागि | बिप्पे र धात्ले | २० | ५० | ५ | २ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | हावा हुरी र चटयाङ | बिप्पे, लामाडाडा, मार्दुल, पाखेरोल, तल्लो आमडाडा | ३० | | | | | |
| ९ | पहिरो | टोट्के | ३० | ६० | १० | १० | | |
| ९ | पहिरो | सालडाँडा | १० | ४० | १० | १० | | |
| ९ | पहिरो | खातीकाडाँ, लाखुरीबोट | ४० | १६० | १५ | ८ | | |
| ९ | पहिरो | तङ्ग, रातापहर | ११ | ४५ | ५ | ५ | | |
| ९ | पहिरो | स्यालिबोट, कुर्मिडेरा | २० | ८० | १० | १० | | |
| ९ | बाढी | सुलिहाले | १० | ४० | १० | ४ | | |
| ९ | बाढी | सिम्ली खोला बजार | ११ | ४५ | ११ | ११ | | |
| ९ | बाढी | बगरखेत | ५ | २० | ५ | ५ | | |
| ९ | बाढी | गरेनाबगर | ७ | २८ | | ४ | | |
| ९ | बाढी | हाँसिबाङ्ग खोला | १४ | ५६ | १४ | ६ | | |
| ९ | बाढी | खारखोला | ६ | २४ | ६ | ६ | | |
| ९ | बाढी | निवारवोट | ४ | १६ | ४ | ४ | | |
| ९ | आगलागी | घरेली | २८ | ११२ | २८ | १० | | |
| ९ | आगलागी | चोत्रलोटे | ७ | २८ | ७ | ७ | | |
| ९ | आगलागी | टोट्के | २८ | ११२ | १० | ८ | | |
| ९ | आगलागी | टुनीबोट, चदाराडेरा | ६ | २४ | ६ | ६ | | |
| ९ | आगलागी | उदिनढुङ्गा | ५ | २० | ५ | ५ | | |
| ९ | हावाहुरी | कामडेरा | १५ | ६० | १५ | १० | | |
| ९ | हावाहुरी | खातीकाँडा | २८ | ११२ | २८ | ५ | | |
| ९ | हावाहुरी | घरेली | २८ | ११२ | २८ | १० | | |
| ९ | हावाहुरी | कुट्टी | ८ | ३२ | ८ | २ | | |
| ९ | हावाहुरी | टोट्के, छेलोहाल्ने | ५० | २०० | ५० | १० | | |
| ९ | हावाहुरी | तङ्ग, सालडाँडा | १६ | ६५ | १६ | १० | | |
| ९ | हावाहुरी | धैरेनी | १० | ४० | १० | ६ | | |
| १० | बाढी | अर्मा खोला | २८ | १४० | १० | | | |
| १० | पहिरो | साविक १, दाब्रे खोला | ३० | १५० | ७ | | | |
| १० | पहिरो | साविक ४ लाहुरडेरा | २५ | ११० | ४ | | | |
| १० | पहिरो | साविक २ | १६ | ६६ | ८ | | | |
| ११ | बाढी | बगर, भेरी खोला बस्ती र खाली खोलामा | १०५ | ४२० | ६० | ५० | १५० | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | पहिरो | ठारी खोरीया, गरेना, धनारा, अम्रेडाँडा, रानीचिउरा | २५० | १००५ | २०० | १०० | ८० | ३ |
| ११ | आगलागी | ग्याङ खर्क, सिम गाउँ | ४० | १६० | ४० | | ४ | |
| ११ | हावाहुरी | लगनचौर, ठूलालेख, ठूलाजगर, बागखोर, पोखरा | २०० | ८०० | १०० | ४० | १० | २ |
| ११ | चट्याङ | पोखरी, लगनचौर, सानुलेख, ठूलोजगर, पाथीहाल्ना | १५० | ६०० | ५० | ५ | ५ | ३ |
| ११ | खडेरी | काडाँगाउँ, सिलीपाखा, गतेरी खर्क, रानीचिउरा, पोखरी | २०० | ८०० | १०० | | | |
| ११ | असिना | लगनचौर, ठूलालेख, सानुलेख, ठूलोजगर | १८० | ७२० | ८० | | | |

### ३.५ कानुनी नीतीगत तथा संस्थागत व्यवस्था

सानीभेरी गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति निर्माण गरी राहत, उद्धार तथा विपद व्यवस्थापनको कामहरु भईरहेका छन् । त्यस्तै प्रत्येक वडामा वडा स्तरीय विपद् व्यवस्थापन समिति निर्माण गरीएको छ ।

जिल्लामा विगतमा तयार पारिएका विपद् सम्वन्धि अभिलेखहरू तथा नेपाल सरकारले पारित गरेका विभिन्न नीति नियमहरूको अध्ययन तथा पुनरावलोकन गरिएका छन् । केही महत्वपूर्ण सामाग्रीहरू र त्यसबाट प्राप्त गरिएका असल अभ्यासहरू तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालीका ५ : सन्दर्भ सामाग्रीहरुको समीक्षा

| क.सं | प्रतिवेदनको नाम | मुख्य सिकाई | कैफियत |
|---|---|---|---|
| १. | स्थानीय निती | | |
| २. | विपद् पूर्वतयारी तथा प्रतीकार्य योजना, पश्चिम रुकुम, २०७८ | विगतमा भएका विपद प्रतिकार्यको अभ्यासले विपद प्रतिकार्य योजनाको लागि सहज गराएको | प्रत्येक वर्ष पुनरावलोकन गरीएको |
| ३. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन<br>२०६७, पहिलो संशोधन २०७६ | जिल्ला तथा स्थानीय तहको समग्र तथा Specific विपदको विस्तृत कार्ययोजना बनाउन सहज | सानीभेरी गाउँपालिकामा पहिलो पटक निर्माण गर्न लागीएको । |
| ४. | Contingency Preparedness Plan Health and Nutrition cluster, 2010 | 2010 Epidemic Out break (Diarrhoea/Cholera) | अंग्रेजी भाषामा भएकोले भाषागत समस्या सबैले बुझ्न नसक्ने |

| | | | |
|---|---|---|---|
| ५. | विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीति, २०६६ | राष्ट्रिय स्तरमा तयार भएको नीतीबारे जानकारी र जिल्ला स्तरमा समायोजन गर्ने प्रक्रियाबारे स्पष्टता | |
| ६. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र नियमावली, २०७६ | संघीय मर्म मुताविक विपद्को व्यवस्थापनमा सहयोगी रहेको | हाल कार्यन्वयनमा रहेको |
| ७. | प्रकोप पिडीत उद्धार तथा राहत सम्वन्धी मापदण्ड (संशोधन),२०७४ | तत्काल राहत र उद्धारमा कामयावी रहेको | हाल कार्यन्वयनमा रहेको |
| ८ | मनसुनजन्य विपद् प्रभावित निजी आवास पुननिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधी, २०७७ | मनसुनजन्य विपद्मा परेका घरपरिवारहरुको आवास पुननिर्माण र पुनर्स्थापना मा कामयावी रहेको | हाल कार्यान्वयनमाा रहेको |
| ९. | कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागी विभिन्न नीतिगत व्यवस्थाहरु, आदेश तथा परिपत्रहरु | विपद्को नया स्वरुप भएको हुदा प्रभावकारीता कायम गर्नमा केही कठिनाई उत्पन्न भएको | हाल कार्यान्वयनमा रहेको |
| १०. | कोभिड-१९ केन्द्रिय संकट व्यवस्थापन केन्द्र (DCCMC), Provincial Crisis Management Center, District Crisis Management Center, Rapid Response Team, Patient Receiving Team को गठन तथा सक्रियता | यस जिल्लामा कोभिड-१९ को जोखिम न्युनीकरण, प्रभावकारी रोकथाम तथा नियन्त्रणमा नेतृत्वदायी भूमिकाका साथै प्रभावकारी रहेको | हाल कार्यान्वयनमा रहेको |
| ११. | विपद् पीडित उद्धार र राहत सम्वन्धी मापदण्ड (सातौं संशोधन), २०७७ | विभिन्न प्राकृतिक प्रकोपका घटनाहरुमा परी धाजनको क्षति भएका परिवारहरुलाई राहत व्यवस्थापन गर्न कामयावी रहेको | हाल कार्यान्वयनमा रहेको |
| १२. | सानीभेरी गाउँ वस्तुगत विवरण, २०७८ | सबै क्षेत्र समेटीएको | तथ्याङ्कमा भीन्नता |
| १३. | सानीभेरी गाउँपालिका आपतकालीन बाल उद्धार कोष सञ्चालन कार्यविधि, २०७७ | प्राकृतीक तथा गैरप्राकृतीक प्रकोपलाई समेटीएको | |
| १४ | सानीभेरी गाउँपालिका विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ | प्राकृतीक तथा गैरप्राकृतीक प्रकोपलाई समेटीएको | |
| १५ | सानीभेरी गाउँपालिकाको विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ | प्राकृतीक तथा गैरप्राकृतीक प्रकोपलाई समेटीएको | |

## ३.६ सरोकालवाला संस्थाहरु

यस गाउँपालिकामा विपद् पूर्वतयारी, रोकथाम र न्यूनिकरण, विपद्को समयको प्रतिकार्य र विपद् पश्चात्को पुर्नस्थापना र पुनर्निर्माण तथा जलवायु परिवर्तन अनुकूलनका लागि आवश्यक पर्ने सेवा, सहयोग, सुविधा, उपलब्ध गराउने सरकारी निकाय वा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय संस्थाहरू र अन्य मानवीय सेवा प्रदायक सङ्घसंस्था, स्वास्थ्य सेवा केन्द्र, निजी क्षेत्र आदिको उपलब्धता, पहुँच र सम्बन्धको विश्लेषण गरिएको छ ।

तालीका ६ : सरोकारवाला निकायको पहिचान

| क्र.सं. | कार्यालय/सङ्घसंस्थाको नाम | ठेगाना | सर्म्पक व्यक्तिको नाम र पद | सर्म्पक विवरण ( फ्याक्स, इमेल) | प्राप्त हुन सक्ने सहयोगको क्षेत्र |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
